# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, साउन २४ गते, २०८१ साल (संख्या २१

## भाग ३

### नेपाल सरकार

### भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना

**<u>झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी आदेश, २०८१</u>**

नेपाल सरकारले जग्गा (नाप जाँच) ऐन,२०१९ को दफा ११ख. ले दिएको अधिकार प्रयोग गरी देहायको आदेश जारी गरेको छः-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी आदेश, २०८१" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "जग्गा दर्ता" भन्नाले झापा जिल्ला, साविक महारानी झोडा गाउँ विकास समिति हाल गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता गर्ने कार्य सम्झनु पर्छ।

(ख) "नाप नक्सा" भन्नाले जग्गा (नाप जाँच) ऐन, २०१९ र जग्गा (नाप जाँच) नियमावली, २०५८ बमोजिम जग्गा नाप जाँच गर्ने कार्य सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित झापा जिल्ला साविक महारानी झोडा गाउँ विकास समिति हाल गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी समिति सम्झनु पर्छ।

३. **समितिको गठन:** (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख, विशेष नापी कार्यालय, दमक, झापा - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, झापा - सदस्य

(ग) मालपोत अधिकृत, मालपोत कार्यालय, दमक, झापा - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष, गौरादह नगरपालिका, झापा - सदस्य

(ङ) नापी अधिकृत, नापी कार्यालय, दमक, झापा - सदस्य

(च) नापी अधिकृत, विशेष नापी कार्यालय,दमक, झापा - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा चार जना सदस्यको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहका प्रतिनिधि र विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-:

(क) यो आदेश प्रारम्भ हुनुअघि विशेष नापी कार्यालय, झापाबाट नापनक्सा भई सूचना प्रकाशन हुन बाँकी रहेको झापा जिल्ला साविक महारानी झोडा हाल गौरादह नगरपालिका वडा नं. ४ र ५ का जग्गाहरू दर्ताका लागि जग्गा (नाप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जाँच) नियमावली, २०५८ बमोजिम विशेष नापी कार्यालयले सात दिने सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) वि.सं. २०२२ सालमा तत्कालीन नापी गोश्वाराबाट जग्गा नाप जाँच भई स्रेस्ता पूर्जा लागू भएका क्षेत्रका हकमा सोही नक्सा स्रेस्तालाई आधार लिई प्रचलित कानून बमोजिम जग्गा दर्ता गर्ने निर्णय गर्ने,

(ग) वि.सं. २०३४ सालमा तत्कालीन महारानी झोडा जग्गा दर्ता समितिबाट जग्गा नाप जाँच भई जग्गा दर्ता स्रेस्ता कायम रही मालपोत कार्यालयबाट स्रेस्ता कार्यान्वयन भएको क्षेत्रमा सोही स्रेस्ता र उल्लिखित समितिले तयार गरेको मौजुदा नक्सा समेतलाई आधार लिई प्रचलित कानून बमोजिम जग्गा दर्ताको निर्णय गर्ने,

(घ) तत्कालीन महारानी झोडा जग्गा दर्ता समितिले नाप जाँच गरी कायम गरेको नक्सा स्रेस्ताको आधारमा जग्गा दर्ता गर्दा साविक मूल कित्ता भिड्ने गरी हाल कायम भएका कित्ताहरुको क्षेत्रफलको जोड जम्मा र साविक मूल कित्ताको क्षेत्रफलबीच फरक पर्न आएमा त्यस्तो फरकपन जग्गा नाप जाँच तथा नक्सा स्रेस्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०७३ को



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१५ मा उल्लेख भएको छुट फरकको सीमा भन्दा बढी हुने भएमा बढी भएको क्षेत्रफल जति जग्गा सम्बन्धित वडाले सिफारिस गरेको तर्फबाट छुट्टै कित्ता कायम गरी सार्वजनिक वा सरकारी जग्गा कायम गर्ने र बाँकी हुने जग्गा प्रचलित कानून बमोजिम सम्बन्धित जग्गाधनीहरुको नाममा दर्ता गर्ने निर्णय गर्ने,

(ङ) तत्कालीन महारानी झोडा जग्गा दर्ता समितिले नाप जाँच गरी तयार गरेको नक्सामा कायम रहेको मूल कित्ता मध्येबाट तर्फ र क्षेत्रफल खुलाई बिक्री वितरण भएका कित्ताहरुको जम्मा क्षेत्रफल र मूल कित्ताको क्षेत्रफलबीच फरक पर्न आएमा जग्गा नाप जाँच तथा नक्सा स्रेस्ता अद्यावधिक सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची-१५ मा उल्लेख भएको छुट फरकको सीमाभित्र रहेकोमा स्वामित्व प्राप्त गर्दाको लिखतको तर्फ र क्षेत्रफल भन्दा फरक पर्ने गरी निर्विवाद भोगचलन भए साविक मूल कित्ताबाट कायम कुनै पनि कित्ता लोप नहुने गरी उक्त ब्लकको कित्ताका जग्गाधनीहरुको सहमतिमा भोग बमोजिमको जग्गा प्रचलित कानून बमोजिम दर्ता गर्ने निर्णय गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **निवेदन दिनुपर्ने** : (१) यस आदेशमा तोकिए बमोजिमको जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गाधनी वा निजको प्रतिनिधिले समितिले तोकेको अवधिभित्र देहाय बमोजिमका कागज प्रमाण संलग्न गरी समितिको कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ख) जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि,

(ग) नगरपालिकाबाट जग्गाधनीको प्रमाण बमोजिमको जग्गा भोग गरेको व्यहोरा खुल्ने गरी जग्गा दर्ता गरी दिने सिफारिस,

(घ) चालू आर्थिक वर्षको मालपोत बुझाएको रसिदको प्रतिलिपी,

(ङ) राजीनामा वा बकस वा अंशबण्डाको लिखतको प्रतिलिपी,

(च) तिरो भरो गरेको अन्य कागज प्रमाण भए त्यस्ता प्रमाण कागजको प्रतिलिपी,

(छ) सो जग्गा आफ्नो हो भन्ने कुनै लिखत आधार प्रमाण भए त्यस्तो आधार प्रमाण ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको निवेदनका सम्बन्धमा यस आदेश बमोजिम समितिले आवश्यक छानविन गरी निर्णय गर्नु पर्नेछ।

६. **समितिको कार्यविधि :** समितिले जग्गा दर्ताको निर्णय गर्दा देहायको कार्यविधि पूरा गर्नु पर्नेछः -

(क) जग्गा दर्ता सम्बन्धी हकदाबी सम्बन्धी पैतिस दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिमको सूचना जिल्ला प्रशासन कार्यालय, झापा, मालपोत कार्यालय, दमक, विशेष नापी कार्यालय, दमक, नापी कार्यालय, दमक, गौरादह नगर कार्यपालिकाको कार्यालय तथा सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा समेत टाँस गर्ने,

(ग) विशेष नापी कार्यालयबाट खटिएका कर्मचारी मार्फत साँध सँधियार, स्थानीय तहको सम्बन्धित वडा समितिको सदस्य समेतको रोहवरमा भोग खुल्ने गरी स्थलगत सर्जमिन गर्ने।

७. **समितिको कार्यालय :** समितिको कार्यालय विशेष नापी कार्यालय, दमक, झापामा रहनेछ।

८. **समितिको कार्यक्षेत्र :** समितिको कार्यक्षेत्र झापा जिल्ला साविक महारानी झोडा गाउँ विकास समिति हाल गौरादह नगरपालिका वडा नं. ४ र ५ भित्र रहनेछ।

९. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) समितिलाई आवश्यक पर्ने कर्मचारीहरू विशेष नापी कार्यालय, दमकबाट खटिनेछन्।

(२) समितिलाई थप जनशक्ति आवश्यक भएमा नापी विभागले काजमा खटाउन सक्नेछ।

१०. **खर्च व्यवस्थापन:** समितिलाई आवश्यक आर्थिक स्रोतको व्यवस्थापन विशेष नापी कार्यालय, दमकको विनियोजित रकमबाट गरिनेछ।

११. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ:** (१) समितिबाट तयार भएको नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिई प्रमाणित गर्ने र सम्बन्धित निकायमा बुझाउने कार्य अध्यक्ष र सदस्य-सचिवबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको निर्णयको माइन्यूट अध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्तखतबाट प्रमाणित हुनेछ ।

(३) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णय अनुसार जग्गाधनी दर्ता स्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गरी सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य विशेष नापी कार्यालय, दमक, झापाबाट हुनेछ।

(४) समितिबाट कार्य सम्पन्न भए पश्चात जग्गा दर्ताको निर्णय र सो सम्बन्धी मिसिल, जग्गाधनी दर्ता स्रेस्ता लगायतका कागजात मालपोत कार्यालय दमक, झापामा र नक्सा तथा फिल्डबुक नापी कार्यालय दमक, झापामा बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

(६) उपदफा (४) बमोजिम हस्तान्तरण भएको जग्गाधनी दर्ता स्रेस्ता, नक्सा र फिल्डबुक सम्बन्धित कार्यालयले प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

१२. **समितिको कार्य अवधिः** समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाको हुनेछ।

१३. **प्रतिवेदनः** (१) समितिले सम्पादन गरेको कामको प्रगति प्रतिवेदन नापी विभाग र भूमि व्यवस्थापन तथा अभिलेख विभागमा मासिक रूपमा पेश गर्नु पर्नेछ।

(२) समितिले कार्य सम्पन्न प्रतिवेदन नापी विभाग मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. **प्रचलित कानून बमोजिम हुने:** यस आदेशको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

**आज्ञाले,**
**अर्जुनप्रसाद पोखरेल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।